# वास्तविक मद्दत। अहिल्यै।



# $१०० ऊर्जा बचत बोनस: सामुदायिक पहुँच कार्यक्रम

$१०० ऊर्जा बचत बोनसको लागि आवेदन दिन सहुलियत कार्ड (concession card) भएकाहरूलाई हाम्रो सामुदायिक पहुँच कार्यक्रम (Community Outreach Program) मार्फत फोनको माध्यमबाट र व्यक्तिगत रूपमा सहायता उपलब्ध छ।

## $१०० ऊर्जा बचत बोनस

ऊर्जा बचत बोनस भनेको $१०० को भुक्तानी हो जसले जीवनयापनको खर्चलाई सम्बोधन गर्न र आवश्यकतामा परेका भिक्टोरियालीहरूको लागि ऊर्जाको पैसा घटाउन वास्तविक मद्दत प्रदान गर्दछ। योग्य सहुलियत कार्ड भएका भिक्टोरियाका घरपरिवारहरूले अनलाइन वा सामुदायिक पहुँच कार्यक्रम मार्फत आवेदन दिन भिक्टोरियन एनर्जी कम्पेयर (Victorian Energy Compare) को वेबसाइट - compare.energy.vic.gov.au - प्रयोग गर्न सक्नुहुन्छ।

## सामुदायिक पहुँच कार्यक्रम

$१०० भुक्तानीको लागि आवेदन दिन सहयोग चाहिने सहुलियत कार्ड भएकाहरूले सामुदायिक पहुँच कार्यक्रम मार्फत फोनको माध्यमबाट वा व्यक्तिगत रूपमा सहयोग प्राप्त गर्न सक्नेछन्।

योग्य घरपरिवारहरूले 1800 000 832 मा सम्पर्क गरेर आफ्नो $१०० ऊर्जा बचत बोनसको लागि फोन मार्फत आवेदन दिन सक्नेछन् वा आफ्नो क्षेत्रमा सहभागी सामुदायिक पहुँच साझेदारसँग सम्पर्कमा रहन सक्नेछन्।

## योग्यता आवश्यकताहरू

योग्य हुनको लागि, घरपरिवारहरूसँग निम्न कुराहरू हुनुपर्छ:

- हालसालैको आवासीय बिजुलीको बिल हुनुपर्छ
- निम्न मध्ये एउटा सहुलियत (कन्सेसन) कार्ड हुनुपर्छ:
  - हेल्थ केयर कार्ड
  - पेंशनर कन्सेसन कार्ड
  - भेटेरान अफेयर्स पेन्सनर कन्सेसन कार्ड
  - भेटेरान अफेयर्स गोल्ड कार्ड।

प्रति घरपरिवार एक पटकको भुक्तानी मात्र उपलब्ध छ।



**$१०० ऊर्जा बचत बोनसको लागि आवेदन दिन compare.energy.vic.gov.au** मा जानुहोस् वा फोन मार्फत वा सामुदायिक पहुँच कार्यक्रम मार्फत व्यक्तिगत रूपमा आवेदन दिनुहोस्।

VICTORIAN ENERGY COMPARE

VICTORIA State Government

# वास्तविक मद्दत। अहिल्यै।

## यसले कसरी काम गर्छ

1. $१०० ऊर्जा बचत बोनसको लागि तपाई योग्य हुनुहुन्छ कि हुनुहुन्न जाँच गर्नुहोस्।
2. निम्न कागजातहरू तयार पार्नुहोस्:
   - हालसालैको बिजुलीको बिलको प्रतिलिपि
   - उचित सहुलियत कार्ड
   - तपाईंको सवारी चालक अनुमतिपत्र वा मेडिकेयर कार्ड*

   आफ्नो पहिचान र योग्यता पुष्टि गर्न तपाईंले यी कागजातहरूमार्फत जानकारी प्रदान गर्नुपर्ने हुन्छ।
3. फोन मार्फत वा व्यक्तिगत रूपमा आवेदन दिन यस पृष्ठमा सूचीबद्ध संस्थाहरू मध्ये कुनै एकलाई सम्पर्क गर्नुहोस्।
4. तपाईंको आवेदन स्वीकृत भएमा, हामी तपाईंलाई $१०० पठाउनेछौं।

### उचित सहुलियत कार्डहरू




*इमिकार्ड र अष्ट्रेलियको भिसा पनि स्वीकार गरिन्छ।

## तपाईंको $१०० भुक्तानीको लागि आवेदन दिन मद्दत चाहिन्छ?

### फोन सहायता

**भिक्टोरियन एनर्जी कम्पेयरको हेल्पलाइन – 1800 000 832**

भिक्टोरियन इनर्जी कम्पेयर हेल्पलाइनले भिक्टोरियाका व्यवसाय र घरपरिवारहरूलाई भिक्टोरियन एनर्जी कम्पेयर वेबसाइट प्रयोग गरेर उनीहरूको लागि उपयुक्त ऊर्जा योजना फेला पार्न मद्दत गर्दछ। हेल्पलाइनले $१०० ऊर्जा बचत बोनसको लागि फोन मार्फत आवेदन दिन प्रत्यक्ष सहयोग गर्नुका साथै यस बारेमा जानकारी र सल्लाह पनि प्रदान गर्दछ।

### व्यक्तिगत सहयोग

**नेबरहुड हाउसेस** (Neighbourhood Houses) **भिक्टोरियालाई** - 1800 000 832 मा फोन गरेर वा compare.energy.vic.gov.au/psb-outreach मा गएर आफ्नो नजिकैको सहभागी केन्द्र खोज्नुहोस्।

नेबरहुड हाउसेस (Neighbourhood Houses) स्थानीय समुदायमा-आधारित समर्पित स्वयंसेवकहरू कार्यरत भएका संगठनहरु हुन् जसले सबै उमेर, क्षमता र पृष्ठभूमिका मानिसहरूका लागि सामाजिक, शैक्षिक, मनोरञ्जनात्मक र सहयोगी गतिविधिहरू प्रदान गर्दछ।

## के तपाईंलाई आफ्नो बिजुली र ग्यासको बिल तिर्न समस्या भइरहेको छ?

ऊर्जा सहायता कार्यक्रम, एङ्ग्लिकेयर भिक्टोरिया (Anglicare Victoria) सँगको साझेदारीमा फोन मार्फत प्रदान गरिने एक नि:शुल्क सेवा हो जसले तपाईंलाई बिजुली र ग्यासको बिलमा पैसा बचत गर्न मद्दत गर्न सक्छ। यो कार्यक्रम कम आय भएका घरपरिवार वा बिजुली र ग्यासको बिल तिर्न समस्यामा परेकाहरूका लागि उपलब्ध छ।

कार्यक्रमले निम्नका लागि व्यक्तिगत रूपमा मद्दत प्रदान गर्न सक्छ:

- उचित सहुलियत र अनुदानको लागि आवेदन दिन
- आफ्नो खुद्रा विक्रेताका कठिनाइ कार्यक्रमहरूमा पहुँच लिन
- उचित ऊर्जा योजनाहरू फेला पार्न, तुलना गर्न र योजना परिवर्तन गर्न
- बिजुली र ग्यासका बिलहरू बुझ्न र बिलिङ सम्बन्धी त्रुटिहरूलाई सम्बोधन गर्न
- घरमा ऊर्जा बचत गर्न
- वित्तीय परामर्श जस्ता सेवाहरूमा पहुँच लिन।



आफ्नो बिजुली र ग्यासका बिल सम्बन्धी मद्दत प्राप्त गर्न, सोमबार देखि शुक्रबार बिहान ९:०० बजे देखि बेलुका ५ बजे सम्म (सार्वजनिक बिदा बाहेक) 1800 161 215 मा फोन गर्नुहोस्।

© भिक्टोरिया राज्यको ऊर्जा, वातावरण तथा जलवायु कार्य विभाग अगस्ट २०२५

ISBN 978-1-76176-514-8 (Print)
ISBN 978-1-76176-515-5 (pdf/online/MS word)

**अस्वीकरण**
यो प्रकाशन तपाईंको लागि सहयोगी हुन सक्छ तर भिक्टोरिया राज्य र यसका कर्मचारीहरूले यो प्रकाशन कुनै पनि प्रकारको त्रुटिरहित छ वा तपाईंको विशेष उद्देश्यका लागि पूर्ण रूपमा उपयुक्त छ भन्ने ग्यारेन्टी गर्दैनन् र त्यसैले यस प्रकाशनमा भएको कुनै पनि जानकारीमा भर पर्दा उत्पन्न हुन सक्ने कुनै पनि त्रुटि, नोक्सान वा अन्य परिणामहरूको लागि सबै दायित्व अस्वीकार गर्दछ।

अंग्रेजी बाहेक अन्य भाषाहरुमा सहायता प्राप्त गर्नको लागि, अनुवाद तथा दोभाषे सेवा (TIS) लाई 131 450 मा सम्पर्क गर्नुहोस्।

VICTORIA State Government

2052